नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद्

सानोठिमी, भक्तपुर, नेपाल

(.............................................शाखा)

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.:

च.नं.:

**दलित, अल्पसंख्यक तथा सिमान्तकृत वर्गका युवालाई सार्वजनिक सेवामा पहुँचका लागि अभिमुखीकरण कार्यक्रम सम्बन्धी दररेट प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८१/०८/१२

यस परिषद्को आ.व. २०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **दलित, अल्पसंख्यक तथा सिमान्तकृत वर्गका युवालाई सार्वजनिक सेवामा पहुँचका लागि अभिमुखीकरण कार्यक्रममा** लोकसेवा आयोगबाट सञ्चालन हुने परीक्षा राजपत्र अनंकित द्वितीय श्रेणी (अप्राविधिक) को खरिदार पद, राजपत्र अनंकित प्रथम श्रेणी (अप्राविधिक)को नायव सुब्बा पद र राजपत्रांकित तृतीय श्रेणी(अप्राविधिक)को शाखा अधिकृत पदका साथै शिक्षक सेवा आयोगबाट लिइने आधारभूत र माध्यामिक तह शिक्षकका सबै पत्रको तयारी कक्षा Online बाट प्रभावकारी रुपमा संचालन गर्नका लागि यस बिषयमा विज्ञता हासिल गरी काम गरिरहेका परिषद्को मौजुदा सूचीमा सूचीकृत भएका संघ संस्थाहरुले यो सूचना जारी भएको मितिले ७ दिनभित्र दररेट सहितको लोक सेवा आयोग र शिक्षक सेवा आयोगको तयारी कक्षाको छुट्टा छुट्टै प्रस्ताव यस परिषद्को प्रशासन, अनुगमन मूल्याङ्कन तथा आन्तरिक व्यवस्थापन शाखामा पेश गर्नु हुन जानकारी गराइन्छ।

[ द्रष्टव्य: लोकसेवा आयोग तर्फ ७४० जना र शिक्षक सेवा आयोग तर्फ १९५ जना उम्मेदवारहरु रहेको व्यहोरा समेत जानकारी गराइन्छ । पेश भएका प्रस्तावहरु सूचनाको समयावधि समाप्त भएको मितिको भोलिपल्ट दिउसो २.०० बजे खोलिनेछ ।]

**शर्तहरु:**

- यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र कार्यालय समयमा पेश भएका रितपूर्वकका प्रस्ताव मात्र स्वीकार गरिनेछ।
- प्रस्ताव पेश गर्ने संस्था यस परिषद्मा सूचीकृत भएको हुनुपर्नेछ ।
- आर्थिक प्रस्ताव पेश गर्दा कर सहित वा कर बाहेकको रकम खुलाई पेश गर्नुपर्नेछ।
- संस्था वा फर्म छनौट गर्दा कबोल रकम सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ तथा प्रचलित कानुनको परिधिभित्र रही सबैभन्दा कम कबोल गरेकोलाई छनोट गरिनेछ।
- तोकिएको TOR अनुसार कक्षा सञ्चालन गर्न प्रतिवद्धता भएको स्वघोषणा गर्नुपर्ने ।

थप जानकारीका लागि ९८४३०९०१७७ र ९८४१८३२२१०

कविता फुयाल

उप सचिव